# झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र पंजिकरण एकाइ प्रमुख बीचको कार्यसम्पादन करार सम्झौता

सुशासन - व्यवस्थापन तथा संचालन) ऐन २०६४ तथा नियमावली २०६५, निजामति सेवा ऐन २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार संचालन सेवा ऐन २०७४, सबै नेपाल सरकारद्धारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमको कार्य सम्पादन करार सम्झौता गरिएको छ। यो करार सम्झौतामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पहिलो पक्ष र पंजिकरण एकाइ प्रमुख दोश्रो पक्ष मानिएको छ।

१. सामाजिक सुरक्षा तथा सुविधाको वितरण व्यवस्थापन कार्य गर्ने तथा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको रेकर्ड व्यवस्थापन गर्ने,

२. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय कार्यक्रम सञ्चालन सम्बन्धी कार्यमा सहयोग गर्ने,

३. स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन कार्यमा सहयोग गर्ने,

४. सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ताको कार्यान्वयनको सन्दर्भमा देखिएका द्विविधाहरु हटाउन सङ्घ, प्रदेशसँग सम्पर्क, समन्वय गर्ने,

५. आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र धर्मपुत्रधर्मपुत्री), सम्बन्धी कार्य गर्ने,

६. जन्म, मृत्यु, विवाह, बसाई सराई सम्बन्धी संशोधनको कार्य गर्न पेश गर्ने तथा घटना दर्ताको अभिलेख दुरुस्त , सुरक्षित राख्ने व्यवस्था मिलाउने,

७. सामाजिक सुरक्षा सम्बन्धी रेकर्ड उपलब्ध हुने गरी कम्पयुटर प्रणालीमा आवद्ध गर्ने तथा आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित सूचना तथा जानकारी प्रवाह गर्ने,

८. आफ्ना शाखा अन्तर्गतका सहायक स्तरका कर्मचारीहरुको कार्यविवरण तयार गरी उपलब्ध गराउन शाखामा सिफारिस गर्ने,

९. जिम्मा रहेको रजिस्टर अभिलेख, प्रतिवेदन फाइल तथा अन्य सम्पत्तिको दुरुस्त र सही व्यवस्था गर्ने,गराउने तथा कर्मचारीहरु सरुवा हुँदा आफ्नो जिम्मामा रहेको सामानहरुको बरबुझारथ गर्ने,

१०. एकाइ अन्तरगत सम्पादन हुने काम कारवाहीहरु समयमा हुनुपर्ने व्यवस्था गर्ने, कार्यसम्पादन हुन नसकेमा सोको पूर्ण जवाफदेहीता वहन गर्ने, गराउने,

११. सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना सम्वन्धी अभिमुखीकरण कार्यक्रम तथा गुनासो सुनुवाइ र सम्वोधन गर्ने

१२. माथि उल्लेख नभएका तर पन्जिकरण इकाइसंग सम्बन्धित अन्य सम्पूर्ण कार्य गर्ने।

**पहिलो पक्ष**

दस्तखत

मिति - २०७७-०४-२५

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

**दोश्रो पक्ष**

दस्तखत

मिति -२०७७-०४-२५

सरोज पोख्रेल

एम आइ एस अपरेटर